वीरेन्द्रनगर नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : ८ | संख्या : ४ | मिति : २०८२/०३/३२

## भाग : १

## खानेपानी, सरसफाइ तथा स्वच्छता ऐन, २०८२

**प्रस्तावना:** सबै नागरिकको समान पहुँच सुनिश्चित स्वच्छ, सुरक्षित, गुणस्तरीय र भरपर्दो खानेपानी सेवामा सबै नागरिकको समान पहुँच सुनिश्चित गर्ने, आधारभूत मानव अधिकारको रूपमा खानेपानी तथा सरसफाइ सेवाको प्रत्याभूति गर्न, सामाजिक समावेशिता, लैङ्गिक समानता, दिगो सेवा प्रवाह र वातावरणीय संरक्षणलाई प्राथमिकता दिँदै नगरक्षेत्रलाई स्वच्छ, स्वस्थ र पर्यावरणमैत्री बनाउने उद्देश्यका साथै जनस्वास्थ्य तथा वातावरणमा पर्न सक्ने प्रतिकूल असर न्यूनीकरण गर्न वाञ्छनीय भएकोले, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम वीरेन्द्रनगर नगरपालिकाको १७ औं नगरसभाले यो ऐन तर्जुमा गरेको छ।

### परिच्छेद-१
### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ:**

(१) यस ऐनको नाम "खानेपानी, सरसफाइ तथा स्वच्छता ऐन, २०८२" रहेको छ।

(२) यो ऐन स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि प्रारम्भ हुनेछ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "अनुमतिपत्र" भन्नाले दफा (८) बमोजिमको अनुमतिपत्र सम्झनु पर्छ।

(ख) "अनुमतिपत्र प्राप्त संस्था" भन्नाले खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी सेवा प्रदान गर्ने संगठित संस्था सम्झनु पर्छ।

...योजना" भन्नाले खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी सेवा प्रदान गर्ने
...तिक संरचनाको निर्माण, विस्तार वा सुधार र तत् सम्बन्धी अन्य कार्य गर्ने उद्देश्यले
...ञ्चालित आयोजना सम्झनु पर्छ।
...पभोक्ता" भन्नाले खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी सेवा उपयोग गर्ने
...क्ति, संस्था वा निकाय सम्झनु पर्छ।
..." खानेपानी उपभोक्ता तथा सरसफाइ समिति" भन्नाले खानेपानी तथ सरसफाइ
...खानेपानी उपभोक्ता तथा सरसफाइ समिति" भन्नाले खानेपानी तथ सरसफाइ सम्बन्धी सेवा तथा सञ्चालन तथा व्यवस्थापन गर्न प्रचलित कानुन बमोजिम गठन
...भएको सामुदायिक उपभोक्ता संस्था सम्झनु पर्छ।
"खानेपानी सेवा" भन्नाले तोकिएको मापदण्ड अनुरूप खानेपानीको सञ्चय, ...स्थानान्तरण तथा वितरण गरी घरेलु, सार्वजनिक, संस्थागत वा औद्योगिक उपयोगका लागि खानेपानी आपूर्ति गर्ने कार्य सम्झनु पर्छ र सो शब्दले थोक, ट्याङ्कर वा बोतलबन्दी रूपमा खानेपानी उपलब्ध गराउने कार्यलाई समेत जनाउँछ।

"खानेपानीको सार्वजनिक उपयोग" भन्नाले सार्वजनिक रूपमा जडान भएका धाराबाट उपभोक्ताका लागि वितरण हुने खानेपानीको उपयोग सम्झनु पर्छ र सो शब्दले अग्नि नियन्त्रण लगायत अत्यावश्यक अवस्थामा सार्वजनिक स्थानहरूमा प्रयोग गर्ने पानीको उपयोगलाई समेत जनाउँछ।

...) "खानेपानीको संस्थागत उपयोग" भन्नाले सरकारी, सार्वजनिक, व्यावसायिक वा व्यापारिक संस्थाहरूले प्रयोग गर्ने खानेपानीको उपयोग सम्झनु पर्छ र सो शब्दले औद्योगिक संस्थाहरूले औद्योगिक प्रयोजन बाहेकका लागि उपयोग गर्ने पानी समेतलाई जनाउँछ।

(झ) "खानेपानी" भन्नाले मानव तथा पशु-पक्षीको स्वास्थ्यका लागि हानिकारक तत्व नभएको गुणस्तरयुक्त स्वच्छ खानेपानी सम्झनु पर्छ र सो शब्दले मानव स्वास्थ्यलाई हानि गर्ने भौतिक, जैविक रासायनिक पदार्थहरू नरहेको पानी समेतलाई जनाउँछ।

(ञ) "घरेलु उपयोग" भन्नाले पिउन, हातमुख तथा लुगा धुन, नुहाउन, खाना पकाउन, जीवजन्तु तथा पशुपन्छीलाई खुवाउन, करेसाबारी, शौचालय, सरसफाइ वा यस्तै अन्य व्यक्तिगत तथा घरायसी प्रयोजनका लागि प्रयोग गरिने खानेपानीको उपयोग सम्झनु पर्छ।

(ट) "ढल निकास" भन्नाले मानव मलमूत्र सहित वा रहित फोहोर पानीलाई सतही वा भूमिगत ढल प्रणाली वा अन्य कुनै सुरक्षित तरिकाबाट संकलन र स्थानान्तरण गर्ने कार्य सम्झनु पर्छ।

(ठ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियम, कार्यविधि वा निर्देशिकामा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(ड) "तोकिएको अधिकारी" भन्नाले यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियम, कार्यविधि वा निर्देशिका कार्यान्वयन गर्नका लागि नगर कार्यपालिकाद्वारा तोकिएको अधिकारीलाई सम्झनु पर्छ।

(ढ) "नगरपालिका" भन्नाले वीरेन्द्रनगर नगरपालिका सम्झनु पर्छ।

(ण) "कार्यपालिका" भन्नाले वीरेन्द्रनगर नगरपालिकाको नगर कार्यपालिका सम्झनु पर्छ।

(त) "पानीको स्रोत" भन्नाले प्राकृतिक रूपमा पानी निसृत हुने नदी, खोला, ताल, पोखरी, इनार, ढुङ्गे धारा, कुवा तथा मूल जस्ता सतही वा भूमिगत जलस्रोत सम्झनु पर्छ र सो शब्दले आकाशे पानी तथा पानीको आपूर्ति गर्ने मानव निर्मित संरचनालाई समेत जनाउँछ।

(थ) "प्रमुख" भन्नाले वीरेन्द्रनगर नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्छ।

(द) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले वीरेन्द्रनगर नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ।

(ध) "प्रदेश मन्त्रालय" भन्नाले कर्णाली प्रदेश सरकारको खानेपानी तथा सरसफाइ हेर्ने मन्त्रालयलाई सम्झनु पर्छ।

(न) "फोहोर पानी" भन्नाले खानेपानीको घरेलु, सार्वजनिक तथा संस्थागत उपयोग पश्चात निष्काशन हुने मानव मलमूत्र सहित वा रहितको फोहोरपानी सम्झनु पर्छ र सो शब्दले फोहोरपानीसँग मिसिएर आउने वर्षातको पानीलाई समेत जनाउँछ।

(प) "फोहोरमैला" वा "फोहोर" भन्नाले घर, उद्योगधन्दा, स्वास्थ्य संस्था, सार्वजनिक सरोकारका भवन तथा स्थान, अन्य सार्वजनिक ठाउँबाट उत्पादित तथा निःसृत ठोस, अर्ध ठोस वा तरल पदार्थ भन्ने सम्झनु पर्छ।

(फ) "सरसफाइ सेवा" भन्नाले फोहोर पानी व्यवस्थापन तथा ढल निकास गरी वातावरणीय स्वच्छता कायम राख्ने कार्य सम्झनु पर्छ र सो शब्दले पानीको स्रोतको संरक्षण गर्न ढल निकास प्रणाली, फोहोर पानी प्रशोधन प्रणाली तथा सार्वजनिक शौचालयको निर्माण, सञ्चालन तथा प्रवर्द्धन एवं मानव मलमूत्रजन्य फोहोर व्यवस्थापन तथा प्रशोधन गर्ने कार्यलाई समेत जनाउँछ।

(ब) "संघीय मन्त्रालय" भन्नाले संघीय सरकारको खानेपानी तथा सरसफाइ हेर्ने मन्त्रालयलाई सम्झनु पर्छ।

(भ) "संगठित संस्था" भन्नाले प्रचलित कानुन बमोजिम खानेपानी तथा सरसफाइ सेवा प्रदान गर्ने उद्देश्यले गठन तथा स्थापना भएका संस्था, बोर्ड, समिति, प्राधिकरण वा त्यस्तै प्रकृतिका निकायलाई सम्झनु पर्छ र सो शब्दले खानेपानी तथा सरसफाइ सेवा सञ्चालनका लागि प्रचलित कानुन बमोजिम दर्ता भई स्थापना भएका उपभोक्ता संस्था, कम्पनी, सहकारी संस्था समेत जनाउँछ।

(म) "सेवा प्रदायक" भन्नाले खानेपानी सेवा, सरसफाइ सेवा र स्वच्छता सम्बन्धी सेवा प्रणालीको निर्माण, सञ्चालन तथा व्यवस्थापनको माध्यमबाट खानेपानी तथा सरसफाइ र स्वच्छता सम्बन्धी सेवा उपलब्ध गराउने उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्था सम्झनु पर्छ।

(य) "सेवा क्षेत्र" भन्नाले उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाले खानेपानी, सरसफाइ तथा स्वच्छता सेवा सञ्चालन तथा व्यवस्थापन गर्नका लागि निर्धारण गरिएको वा अनुमातिपत्रमा उल्लेख गरिएको क्षेत्र सम्झनु पर्छ।

(र) "शौचालय" भन्नाले मानव मलमूत्रलाई सुरक्षित तरिकाले व्यवस्थापन गर्न मिल्ने स्थायी संरचना वा प्रणाली भन्ने सम्झनु पर्छ।

**खानेपानी तथा सरसफाइमा पहुँचको अधिकार:**

(१) प्रत्येक नागरिकलाई बिना भेदभाव स्वच्छ, सुरक्षित र पर्याप्त खानेपानी तथा सरसफाइमा सहज र सुलभ पहुँचको अधिकार हुनेछ र त्यस्तो अधिकारको सम्मान, संरक्षण, सम्बर्द्धन र परिपूर्ति यस ऐन तथा प्रचलित कानुन बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिमको अधिकारको सम्मान, संरक्षण, प्रवर्द्धन, परिपूर्ति र कार्यान्वयनका लागि नगरपालिकाले संघीय तथा प्रदेश सरकार र अन्य स्थानीय तहसँगको समन्वय, साझेदारी तथा सहकार्यमा कार्य गर्नेछ।

**पानीको स्रोत तथा मुहानको सदुपयोग र संरक्षण:**

(१) नगरपालिका भित्र रहेका खानेपानीका स्रोतहरूको सदुपयोग र संरक्षण गर्ने दायित्व नगरपालिकाको हुनेछ।

(२) भूमिगत पानीको उपयोगका लागि नगरपालिकाले आवश्यक मापदण्ड बनाई लागू गर्न सक्नेछ।

(३) कुनै खानेपानी प्रणालीबाट व्यक्ति, बस्ती, समुदाय, विद्यालय, अस्पताल, मठ, धार्मिक स्थल जस्ता सामाजिक संस्थाका लागि उपलब्ध खानेपानी सेवा अर्को वैकल्पिक व्यवस्था नभएसम्म सो खानेपानी प्रणालीबाट खानेपानी सेवा प्राप्त गर्ने अधिकार त्यस्तो व्यक्ति, बस्ती, समुदाय, विद्यालय, अस्पताल, मठ, धार्मिक स्थल जस्ता सामाजिक संस्थाको हकमा सुरक्षित रहनेछ।

(४) नगरपालिकामा रहेका खानेपानीको स्रोत तथा मुहानको संरक्षणका लागि नगरपालिका र सम्बन्धित उपभोक्ताहरूको समन्वयमा देहाय बबमोजिमका कार्यहरू गर्नु पर्नेछ:



(क) खानेपानीको स्रोत संरक्षणका लागि जलाधार, पानी निसृत भएर आउने मूलाधार, सीमसार र वन क्षेत्र संरक्षण गरी बाढी, पहिरो नियन्त्रण गर्ने,

(ख) खानेपानीको मूल वा मुहानलाई दिगो बनाई राख्न नियमित रूपमा मर्मत सम्भार र सरसफाइ गर्ने,

(ग) खानेपानीको स्रोतलाई प्रदूषित हुन नदिने र पानीको स्रोत नष्ट वा लोप हुनबाट बचाउने,

(घ) खानेपानीको संरक्षण र समुचित उपयोगका बारेमा खानेपानी उपभोक्ता वा सम्बन्धित पक्षहरूलाई सचेतना अभिवृद्धि गर्ने,

(ङ) खानेपानीको स्रोत प्रदूषण हुन नदिन तथा पानीको मूल वा वहाव क्षेत्रको संरक्षणका लागि जैविक खेती गर्न र चरीचरन तथा आगलागी नियन्त्रण गर्न कृषकलाई प्रोत्साहन गर्ने,

(च) खानेपानीको मुहान वा वहाव क्षेत्र वा सो क्षेत्रका प्रणालीमा प्रतिकूल असर पर्नेगरी विषादी वा विष्फोटक पदार्थ प्रयोग गर्न बन्देज गर्ने,

(छ) खानेपानीको स्रोत र वहाव प्रणालीमा हुने प्रदूषण नियन्त्रणका लागि आवश्यक पर्ने अन्य कार्यहरू गर्ने,

(ज) पानीको स्रोत सुक्न नदिन स्रोतको माथि र वरपर बस्ती विकास गर्न नदिई, स्रोत वरीपरि रुख रोपी हरियाली कायम गर्ने,

(झ) पानीको स्रोत र मुहान संरक्षणका लागि अन्य आवश्यक कार्यहरू गर्ने।

(५) नगरपालिकाले अन्य छिमेकी स्थानीय तहको क्षेत्रमा रहेको मुहान वा स्रोतबाट खानेपानी ल्याएको भएमा त्यस्तो क्षेत्रको खानेपानीको मुहान तथा स्रोत संरक्षणका लागि सम्बन्धित स्थानीय तहसँग समन्वय गर्नुपर्नेछ।

## परिच्छेद-३
## खानेपानी सेवाको सञ्चालन तथा व्यवस्थापन

**५. खानेपानी सेवाको संचालन तथा व्यवस्थापन:**

(१( नगरपालिकाले स्वच्छ तथा गुणस्तरीय खानेपानी तथा सरसफाइ सेवाको सञ्चालन तथा व्यवस्थापन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको सेवाको सञ्चालन तथा व्यवस्थापन नगरपालिका आफैंले वा संगठित संस्था मार्फत गराउन सक्नेछ।

(३) उपदफा बमोजिम गठित संगठित (१) संस्था नगरपालिका मातहतको स्वायत्त निकाय हुनेछ, जसले खानेपानी तथा सरसफाइ सम्बन्धी नीति, सेवा संञ्चालन, मर्मत–सम्भार, वित्त व्यवस्थापन, गुणस्तर मापदण्ड लगायतका सम्पूर्ण जिम्मेवारी बहन गर्नेछ।

(४) यो ऐन तथा प्रचलित कानुन बमोजिम खानेपानी तथा सरसफाइ सेवा उपलब्ध गराउन उपदफा (१) बमोजिम गठन भएको संगठित संस्थाले आफ्नो सेवा क्षेत्र भित्रका वासिन्दाहरूलाई नियमित र भरपर्दो रूपमा खानेपानी तथा सरसफाइ सेवा उपलब्ध गराउन आवश्यक व्यवस्था गर्नु पर्नेछ।

(५) उपदफा (१) बमोजिम गठित संगठित संस्था मार्फत खानेपानी सेवा सञ्चालन गर्नु पर्ने अवस्थामा सो को प्रभावकारी कार्यसम्पादन सुनिश्चित गर्न नगरपालिकाले आवश्यक पर्ने व्यवस्था सहितको ऐन, नियम, कार्यविधि बनाई कार्यान्वयन गर्न सक्नेछ।

**६. खानेपानी सेवाको आपूर्तिमा बाधा सृजना गर्न नहुने:**

(१) कुनैपनि खानेपानी प्रणालीबाट उपलब्ध भएको खानेपानी सेवा कुनै कारणले प्रभावित हुने भएमा अर्को वैकल्पिक व्यवस्था नभएसम्म प्रभावित व्यक्ति, बस्ती, समुदाय र सामाजिक संस्थालाई सो खानेपानी प्रणालीबाट खानेपानी सेवा प्राप्त गर्ने अधिकार सुरक्षित रहनेछ।

(२) खानेपानी तथा सरसफाइ सेवासँग सम्बन्धित प्रणाली तथा संरचनालाई प्रतिकूल असर पर्ने गरी अन्य कुनै निकाय वा विकास परियोजनाले कुनै संरचना बनाउनु परेमा नगरपालिकाबाट सहमति लिनु पर्नेछ।

(३) कुनै विकास परियोजना वा आयोजनाका कारण खानेपानी आपूर्ति प्रणाली वा संरचनामा क्षति भएमा परियोजना वा आयोजनाले प्रभावित उपभोक्तालाई न्यायोचित क्षतिपूर्ति उपलब्ध गराउनुका साथै प्रभावित खानेपानी प्रणाली र संरचनाको मर्मत सम्भार समेत गर्नु पर्नेछ।

**७. सेवा प्रणालीसँग सम्बन्धित संरचनाको सुरक्षा:**

(१) खानेपानी तथा सरसफाइ आयोजना वा सेवा प्रणालीको सुरक्षाका लागि अनुमतिपत्र प्राप्त खानेपानी तथा सरसफाइ सेवा उपलब्ध गराउने संगठित संस्थाको लिखित अनुरोधमा वा त्यस्तो प्रणालीको सुरक्षा गर्न आवश्यक भएमा नगरपालिका आफैंले वा संघ तथा प्रदेशसँग समन्वय गरी आवश्यक सुरक्षा व्यवस्था गर्नु पर्नेछ।



(२) उपदफा (१) बमोजिम अनुमतिपत्र प्राप्त संस्थाको अनुरोधमा सुरक्षा व्यवस्था गरिएकोमा त्यसका लागि लाग्ने सम्पूर्ण खर्च सोही अनुमतिपत्र प्राप्त संस्थाले व्यहोर्नु पर्नेछ।

(३) आयोजना हस्तान्तरण गर्दा आयोजनाको दिगोपन तथा खानेपानी तथा सरसफाइ सेवाको निरन्तरताको सुनिश्चितताका लागि सञ्चालन व्यवस्थापन शर्त, सेवा प्रदायक संस्थाको काम, कर्तव्य, अधिकार, जिम्मेवारी तथा कार्य सम्पादन सूचकहरू उल्लेख गरी सञ्चालन तथा व्यवस्थापन सम्झौता गरिनेछ।

## परिच्छेद-४
## अनुमतिपत्र सम्बन्धी व्यवस्था

**८. अनुमतिपत्र लिनुपर्ने:**

(१) यस नगरपालिकाको कुनै क्षेत्रमा कसैले खानेपानी तथा सरसफाइ सेवा प्रदान गर्न, आयोजना वा सेवा प्रणालीको सर्भेक्षण, निर्माण, सञ्चालन तथा व्यवस्थापन गर्न र खानेपानीको स्रोतको व्यावसायिक उपयोग गर्न वा गराउन चाहेमा यस ऐन बमोजिम अनुमतिपत्र लिनु पर्नेछ।

(२ ( उपदफा मा जुनसुकै कुरा लेखिएको भए तापनि देहाय (१) बमोजिमको काम गर्न अनुमतिपत्र लिनुपर्ने छैन :

(क) प्रविधि, लगानी र उपभोक्ताको संख्याको आधारमा तोकिए बमोजिमको साना आयोजनाको सर्भेक्षण, निर्माण, सञ्चालन तथा व्यवस्थापन गर्न तोकिए बमोजिमका संस्थाले खानेपानी तथा सरसफाइ सेवा प्रदान गर्न,

(ख) कसैलाई प्रतिकूल असर नपर्ने गरी आफ्नो घर-परिसरको फोहोरपानी भूमिगत अवशोषण (एब्जर्भ) गर्न वा कुनै विधिबाट आफ्नो जग्गा जमिनमा विसर्जन गर्न,

(ग) यो ऐन प्रारम्भ हुनुअघि प्रचलित कानून बमोजिम दर्ता भई खानेपानी संरक्षण, संवर्द्धनको कार्य र खानेपानी तथा सरसफाइ सेवा सञ्चालन गरिरहेका नाफारहित सामुदायिक संस्था वा उपभोक्ता समुहहरूले त्यस्तो कार्य तथा सेवा सञ्चालन गर्न,

(घ) आफ्नो निजी जग्गामा रहेको पानीको स्रोतको घरेलु उपयोगका लागि खानेपानी प्रयोग गर्न।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुनु अघि प्रचलित कानून बमोजिम दर्ता भई खानेपानी संरक्षण, संवर्द्धन र खानेपानी तथा सरसफाइ सेवा

सञ्चालन गरिरहेका नाफारहित सामुदायिक संस्था वा उपभोक्ता समूहहरू प्रचलित कानुन बमोजिम यो ऐन प्रारम्भ भएको एक वर्षभित्र नगरपालिकामा सूचीकृत हुनुपर्नेछ।

**९. अनुमतिपत्रका लागि निवेदन दिनुपर्ने:**

(१) यस ऐन बमोजिम खानेपानी तथा सरसफाइ सेवा प्रदान गर्न, आयोजना वा सेवा प्रणालीको सर्भेक्षण, निर्माण, सञ्चालन तथा व्यवस्थापन गर्न वा खानेपानीको स्रोतको सार्वजनिक, संस्थागत वा व्यावसायिक तथा औद्योगिक उपयोग गर्न चाहने सङ्गठित संस्थाले तोकिएको अधिकारी समक्ष अनुमतिपत्रको लागि तोकिए बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको निवेदन दिंदा सम्बन्धित विषयको आर्थिक, प्राविधिक तथा प्रचलित कानून बमोजिमको वातावरणीय अध्ययन प्रतिवेदन तथा तोकिए बमोजिमका अन्य विवरण समेत संलग्न गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम प्राप्त निवेदनमा आवश्यक छानबिन गर्दा थप कागजात आवश्यक पर्ने वा कुनै विषयमा थप स्पष्ट गर्नुपर्ने देखिएमा तोकिएको अधिकारीले सो बमोजिमका कागजात पेश गर्न वा स्पष्ट गर्न निवेदकलाई सात दिनको समय दिनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम दिइएको समयभित्र निवेदकले थप कागजात पेश गरेमा वा थप स्पष्ट गरेमा सो मितिलाई नै निवेदन परेको मिति मानिनेछ।

**१०. अनुमतिपत्र दिनुपर्ने:**

(१) दफा ९ बमोजिम परेको निवेदनमा नगरपालिकाले आवश्यक जाँचबुझ गर्दा आफ्नो अधिकार क्षेत्रभित्र पर्ने विषय भई अनुमतिपत्र दिन उपयुक्त देखिएमा तोकिएको अधिकारीले निवेदन परेको मितिले नब्बे दिनभित्रमा अनुमतिपत्र दिनु पर्नेछ।

(२) यो ऐन प्रारम्भ हुनु अगावै खानेपानी तथा सरसफाइ सेवा प्रणाली निर्माण, सञ्चालन तथा व्यवस्थापन एवं खानेपानी स्रोतको सार्वजनिक, संस्थागत, व्यावसायिक तथा औद्योगिक उपयोग गरिरहेका संगठित संस्थाले यो ऐन प्रारम्भ भएको एक वर्षभित्र तोकिए बमोजिम अनुमतिपत्र लिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम अनुमति पत्र नलिएका संगठित संस्थाले खानेपानी तथा सरसफाइ सेवा, आयोजना वा सेवा प्रणाली निर्माण, सञ्चालन तथा व्यवस्थापन गर्न वा खानेपानीको स्रोतको सार्वजनिक, संस्थागत, व्यावसायिक तथा औद्योगिक उपयोग गर्न पाउने छैन।



**११. अनुमतिपत्रको अवधि:**

(१) दफा १० बमोजिम खानेपानी तथा सरसफाइ सेवा प्रदान गर्न, आयोजना वा सेवा प्रणालीको निर्माण, सञ्चालन तथा व्यवस्थापन गर्न वा खानेपानीको स्रोतको सार्वजनिक, संस्थागत व्यावसायिक तथा औद्योगिक उपयोग गर्नका लागि दिइने अनुमतिपत्रको अवधि बढीमा पच्चीस वर्षको हुनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि थोक, ट्याङ्कर वा बोतलबन्दरूपमा खानेपानी सेवा उपलब्ध गराउने सेवा प्रदायकको हकमा सो अवधि एक वर्षको हुनेछ।

(३) दफा ११ बमोजिम अनुमतिपत्र प्राप्त संस्थाले अनुमतिपत्रको अवधि समाप्त हुनुभन्दा तीन महिना अगावै तोकिएको दस्तुर सहित तोकिएको ढाँचामा नवीकरणको लागि निवेदन दिन सक्नेछ।

(४) उपदफा (३) बमोजिम नवीकरणका लागि निवेदन दिएमा त्यस्तो अनुमतिपत्र प्राप्त संस्थालाई एक पटकमा एक वर्षमा नबढाई तोकिएको शुल्क लिई अनुमतिपत्र नवीकरण गरिदिनु पर्नेछ।

(५) उपदफा (४) बमोजिम नवीकरण मिति समाप्त भएको तीन महिनासम्म पनि नवीकरण नगराउने अनुमतिपत्र प्राप्त संस्थाको अनुमतिपत्र स्वतः रद्द हुनेछ।

**१२. अनुमतिपत्र प्रदान नगरिने:**

(१) यस ऐन वा प्रचलित कानुन बमोजिम नगरक्षेत्रमा खानेपानी तथा सरसफाइ सेवा प्रदान गर्न, आयोजना वा सेवा प्रणालीको निर्माण, सञ्चालन तथा व्यवस्थापन गर्न वा खानेपानीको स्रोतको सार्वजनिक, संस्थागत व्यावसायिक तथा औद्योगिक उपयोगको लागि कुनै संगठित संस्थालाई अनुमतिपत्र दिइएकोमा त्यस्तो अनुमतिपत्रको अवधिभर सोही क्षेत्रमा अनुमतिपत्र प्राप्त गरेको खानेपानीको स्रोतमा प्रतिकूल असर पर्ने गरी अन्य कुनैपनि संगठित संस्थालाई सोही प्रयोजनका लागि अनुमतिपत्र प्रदान गरिने छैन।

(२) उपदफा (१) मा जुनसुकै व्यवस्था गरिएको भए तापनि देहायको अवस्थामा अन्य संगठित संस्थालाई अनुमति पत्र दिन सकिनेछ :

(क) अनुमतिप्राप्त संगठित संस्थाले सेवा क्षेत्रमा गुणस्तरीय सेवा प्रदान नगरेमा,

(ख) नियमित रुपमा खानेपानी वितरण नगरेमा,

(ग) माग अनुसारको खानेपानी आपूर्ति गर्न नसकेमा, वा

(घ) दफा (१३) बमोजिम अनुमतिपत्र खारेज भएमा।

**१३. अनुमतिपत्र खारेजः**

(१) देहायको अवस्थामा तोकिएको अधिकारीले अनुमतिपत्रमा उल्लिखित काममा आवश्यक सुधार गर्न वा निर्माण कार्य सम्पन्न गरी सेवा सञ्चालन गर्न सम्बन्धित अनुमतिपत्र प्राप्त संस्थालाई आदेश दिन सक्नेछ :

(क) यो ऐन वा यस अन्तर्गत बनेको नियम विपरीत कुनै काम गरेमा,

(ख) नियमित रुपमा खानेपानी तथा सरसफाइ सेवा उपलब्ध नगराएमा,

(ग) खानेपानी तथा सरसफाइ सेवा प्रदान गरे बापत तोकिएको भन्दा बढी शुल्क लिएमा, वा

(घ) अनुमतिपत्रमा उल्लिखित अवधिभित्र आयोजना वा सेवा प्रणालीको निर्माण, सञ्चालन तथा व्यवस्थापन नगरेमा।

(२) उपदफा (१) बमोजिम दिएको आदेशको पालना नगरेमा वा अनुमतिपत्रमा तोकिएको शर्तको उल्लङ्घन गरेमा तोकिएको अधिकारीले दफा १० बमोजिम दिएको अनुमतिपत्र खारेज गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम अनुमतिपत्र खारेज गर्नु अघि तोकिएको अधिकारीले सम्बन्धित अनुमतिप्राप्त संस्थालाई आफ्नो सफाइ पेश गर्ने मनासिब मौका दिनु पर्नेछ।

**१४. विवरण पेश गर्नु पर्नेः** देहायको विवरण नगरपालिकाले प्रदेश मन्त्रालय समक्ष तथा प्रदेशले संघीय मन्त्रालय समक्ष पेश गर्नु पर्नेछः-

(क) अनुमतिपत्र प्रदान गरिएको सङ्गठित संस्थाको नाम र सङ्ख्या,

(ख) अनुमतिपत्र प्रदान गरिएको सङ्गठित संस्थाहरूले सेवा दिने क्षेत्र,

(ग) अनुमतिपत्र प्रदान गरिएको सङ्गठित संस्थाहरूको अनुमतिपत्रको अवधि र तोकिएको शर्त,

(घ) नगरपालिकाले उपयुक्त सम्झेको अन्य विवरण।

**१५. आयोजना हस्तान्तरण सम्बन्धमाः** नगरपालिकाबाट अनुमति लिई गठन भएका उपभोक्ता समिति वा संचालित आयोजनाहरु यो ऐन जारी भएको एक वर्षभित्र यस ऐन बमोजिम संचालन तथा व्यवस्थापन हुनेगरी नगरपालिकामा हस्तान्तरण हुनेछन।



## परिच्छेद-५
## सरसफाइ तथा स्वच्छता व्यवस्थापन सम्बन्धी

**१६. सरसफाइ तथा स्वच्छता कायम गर्नु पर्ने :**

(१) नगरपालिका क्षेत्रभित्र सरसफाइ तथा स्वच्छता कायम गर्ने गराउने दायित्व नगरपालिकाको हुनेछ।

(२) नगरपालिकाले सबैको सहभागितामा खानेपानी, सरसफाइ तथा स्वच्छता योजना तयार गरी कार्यान्वयन गर्नेछ।

(३) नगरपालिका क्षेत्रका सबै घर परिवार, सार्वजनिक सेवा प्रदायक कार्यालय, सार्वजनिक सरोकारका निकाय, विद्यालय, व्यवसाय संचालकले अनिवार्य रूपमा नगरपालिकाले तोकेको मापदण्ड अनुसारको शौचालय बनाउनु पर्नेछ।

(४) मेला तथा हाट बजार लाग्ने र मानिसहरूको बढी जमघट हुने स्थलमा सोको संचालन तथा व्यवस्थापन गर्ने निकायले सार्वजनिक शौचालयको व्यवस्था गर्नु पर्नेछ।

(५) नगरपालिका स्तरीय महिनावारी व्यवस्थान सम्बन्धी निर्देशिका तयार गरी कार्यान्वयनमा ल्याइनेछ।

(६) घरायसी, वर्षातको पानी तथा शौचालयबाट उत्सर्जित हुने तरल तथा लेदो व्यवस्थापनक लागि नगरपालिकाले मानव मलमूत्रीय व्यवस्थापन एवं प्रशोधनको निर्माण, सञ्चालन तथा व्यवस्थापन गर्नेछ।

(७) नगरपालिका क्षेत्रभित्र उत्सर्जित ठोस फोहोरमैलाको व्यवस्थापनका लागि नगरपालिकाले उचित प्रबन्ध गर्नु पर्नेछ।

(८) नगरपालिकाले आफ्नो क्षेत्र भित्र संकलन भएको फोहोरमैलालाई व्यवस्थापन तथा स्थायी रूपमा विसर्जन गर्नका लागि वातावरण सम्बन्धी प्रचलित कानूनको अधीनमा रही फोहोरमैला व्यवस्थापन तथा प्रशोधन स्थल तोक्न सक्नेछ।

## परिच्छेद-६
## महशुल तथा सेवा शुल्क सम्बन्धी व्यवस्था

**१७. खानेपानी तथा सरसफाइ महशुल निर्धारणः**

(१) उपभोक्ताहरूले खानेपानी तथा सरसफाइ सेवा सुविधा उपयोग गरे बापत प्रचलित कानुन बमोजिम नगरपालिकाले तोके अनुसारको महशुल बुझाउनु पर्नेछ।

(२) नगरपालिकाभित्र खानेपानी तथा सरसफाइ सञ्चालन गर्न अनुमतिप्राप्त संगठित संस्थाले महशुल निर्धारणका लागि नगरपालिका समक्ष अनुरोध गर्नु पर्नेछ ।

(३) नगरपालिकाले उपदफा (१) तथा उपदफा (२) बमोजिम खानेपानी तथा सरसफाइ सेवाको महशुल निर्धारण गर्दा आयोजनाको लागत, खानेपानीको गुणस्तर, सेवाको स्तर, उपभोक्ताहरूको योगदान, उपभोक्ताको बृहत हित, उपभोक्ताको क्रयशक्ति, नेपाल सरकार र प्रदेश सरकारको नीति तथा कानुन, नगरपालिकाको नीति र खानेपानीमा पहुँचको मौलिक हकलाई समेत आधार मानी गर्नु पर्नेछ ।

(४) नगरपालिकाको खानेपानी तथा सरसफाइ बोर्डले खानेपानीको महशुल निर्धारण गर्दा वीरेन्द्रनगर नगरपालिकाको खानेपानी तथा सरसफाइ बोर्ड ऐन २०८२ बमोजिम गर्नेछ ।

. **मिनाहा वा छुट दिन सक्ने :** कुनै दैवी प्रकोप वा अन्य कुनै विषम परिस्थितिका कारण कुनै खास क्षेत्रका उपभोक्ता, विपन्न परिवार वा सीमान्तकृत परिवारले अनुमतिपत्र प्राप्त संस्थाले सञ्चालन तथा व्यवस्थापन गरेको खानेपानी सेवाको महशुल तिर्न असमर्थ भएमा त्यस्ता उपभोक्ताले तिर्नुपर्ने महशुल घटाउन वा मिनाहा दिन सक्नेछ । यसरी मिनाहा दिएको रकम सेवा संचालकलाई आफ्नो व्यावसायिक सेवा संचालन गर्न प्रतिकुल प्रभाव नपर्ने गरी स्रोत पहिचान गरिएको हुनुपर्नेछ ।

. **असुल उपर गर्न सक्ने :** यस ऐन बमोजिम खानेपानी तथा सरसफाइ र स्वच्छता सम्बन्धी सेवा उपयोग गरे बापतको महशुल तथा जरिवानाको रकम नबुझाउने उपभोक्ताबाट सम्बन्धित अनुमतिपत्र प्राप्त संस्थाले त्यस्तो रकम प्रचलित कानुन बमोजिम असुल उपर गर्न सक्नेछ ।

## परिच्छेद-७
## संरचनात्मक व्यवस्था

०. **खानेपानी सरसफाइ तथा स्वच्छता (खासस्व) व्यवस्थापन समितिको गठन :**

(१) नगरपालिकामा देहाय बमोजिमको खानेपानी सरसफाइ तथा स्वच्छता (खासस्व) व्यवस्थापन समिति रहनेछ ।

(क) नगरपालिकाका प्रमुख - अध्यक्ष

(ख) नगरपालिकाका उपप्रमुख - उपाध्यक्ष

(ग) प्रमुख प्रशासकिय अधिकृत -सदस्य



(घ) नगरपालिकाको वातावरण शाखा प्रमुख- सदस्य

(ङ) खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) इकाई प्रमुख- सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको व्यवस्थापन समितिमा विषय विज्ञ वा सम्बन्धित सरोकारवालाहरूलाई आमन्त्रित सदस्यका रूपमा सहभागी गराउन सकिनेछ ।

(३) समितिको बैठकको कार्यविधि व्यवस्थापन समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

(४) नगरपालिकाले खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी योजनाको कार्यान्वयनका लागि नगरपालिका स्तरमा उपसमिति गठन र वडा स्तरमा वडा अध्यक्षको अध्यक्षतामा वडास्तरीय खानेपानी सरसफाइ तथा स्वछता व्यवस्थापन समिति तोकिए बमोजिम गठन गरिनेछ ।

२१. **खानेपानी, सरसफाइ तथा स्वच्छता व्यवस्थापन समितिको काम, कर्तब्य र अधिकार:** खानेपानी सरसफाइ तथा स्वच्छता (खासस्व) व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारहरू देहाय बमोजिम हुनेछन् :

(क) नगरपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रको दीर्घकालीन योजना (आवधिक योजना), मध्यमकालीन योजना, वार्षिक योजना तर्जुमा, समीक्षा तथा संशोधनका लागि नगरपालिकालाई आवश्यक सुझाव प्रदान गर्ने,

(ख) नगरपालिकाका लागि आवश्यक पर्ने नीति, कार्यविधि, निर्देशिका तथा नियमको मस्यौदा निर्माणमा सहयोग गर्ने,

(ग) नगरपालिका स्तरीय खानेपानी तथा सरसफाइ योजना मर्मत सम्भार कोष स्थापना गरी सो कोषको संचालन कार्यविधि तयार गर्ने,

(घ) खानेपानी तथा सरसफाइ योजना मर्मत सम्भार कोषमा विभिन्न दातृ निकायहरूलाई योगदान गर्न प्रोत्साहित गर्ने तथा कोषको उपयोगको वार्षिक सार्वजनिक सुनुवाई तथा पारदर्शी सार्वजनिक सूचना जारी गर्ने व्यवस्था मिलाउने,

(ङ) नगरपालिकाभित्र रहेका खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रसँग सम्बन्धित सरोकारवालाहरूको विवरण तयार पार्ने,

(च) नगरपालिका अन्तर्गत गठित खानेपानी, सरसफाइ तथा स्वच्छता सेवा प्रदान गर्ने संगठित संस्थालाई मार्गनिर्देशन प्रदान गर्ने,

(छ) खानेपानी तथा सरसफाइ सम्बन्धी सेवा गुणस्तर अनुगमन गर्न स्थानीय अनुगमन संयन्त्र स्थापना गर्ने वा सिफारिस गर्ने ।

**२२. खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) इकाईको व्यवस्था:**

(१) खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी योजना, नीति, निर्णय एवं क्रियाकलापहरू सञ्चालन तथा कार्यान्वयन गर्न नगरपालिकामा एक खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) शाखा वा इकाई रहनेछ ।

(२) खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) शाखा वा इकाईमा नगरपालिकाले आवश्यक जनशक्तिको व्यवस्थापन गर्नेछ ।

(३) खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) शाखा वा इकाईको भूमिका र जिम्मेवारी देहाय बमोजिम रहनेछ :

(क) वार्षिक कार्यक्रममा स्वीकृत भएका खानेपानी सरसफाइ स्वच्छता, मर्यादित महिनावारी व्यवस्थापन लगायतका कार्यक्रमहरू कार्यान्वयन गर्ने, समन्वय गर्ने तथा सेवा प्रदायकहरू, स्वयंसेवकहरू, बाल क्लबहरू, आमा समूहहरू तथा सञ्जालहरूले गर्ने कार्यको सहजीकरण, सुपरिवेक्षण तथा अनुगमन गर्ने,

(ख) नगरपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) क्षेत्रको सूचना प्रणाली स्थापित गरी अद्यावधिक राख्ने तथा आवश्यकता बमोजिम निर्णय प्रक्रियामा सहजीकरणका लागि समितिलाई सही सूचना उपलब्ध गराउने,

(ग) उपभोक्ता समितिहरूको सञ्चालन अवस्था, वडा कार्यालयबाट प्राप्त प्रतिवेदनहरू संग्रह गर्ने तथा सूचना प्रणाली अद्यावधिक गरी सो को प्रतिवेदन कार्ययोजना सहित समितिमा पेश गर्ने, प्रतिवेदन प्राप्त नभएका वडाहरूलाई ताकेता गरी प्रतिवेदन प्राप्त गर्ने,

(घ) सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापनमा उत्कृष्ट खानेपानी तथा सरसफाइ योजनाहरू छनौट गरी पुरस्कृत गर्न नगर कार्यसमितिमा पेश गर्ने, मूल्यांकनमा कमजोर अंक प्राप्त गर्ने उपभोक्ता समिति/ समूहहरूको पुनर्गठन, व्यवस्थापन तालिम तथा अन्य उपायहरू मार्फत सक्रिय बनाउन सहजीकरण गर्ने,

(ङ) विद्यमान खानेपानी तथा सरसफाइ योजनाहरूको आवधिक रूपमा अनुगमन तथा मूल्यांकन गर्ने पद्धति स्थापना गर्ने,

(च) खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) क्षेत्रको वार्षिक प्रतिवेदन तयार गरी समितिमा पेश गर्ने,

(छ) आपतकालीन अवस्थाका लागि खानेपानी तथा सरसफाइ सेवाहरूको निरन्तरताका लागि योजना बनाई समितिमा पेश गर्ने.



(ज) आपतकालीन तथा ठूलो मर्मतको आवश्यकता अध्ययन गरी आर्थिक सहयोगका लागि समितिमा सिफारिस गर्ने,

(झ) खानेपानी, सरसफाइ तथा स्वच्छता व्यवस्थापन समितिले तोके बमोजिम खानेपानी तथा सरसफाइ योजनाहरूको दिगोपना व्यवस्थापन सम्बन्धी अन्य क्रियाकलापहरूमा सहयोग तथा सञ्चालन गर्ने,

(ञ) खानेपानी, सरसफाइ तथा स्वच्छता व्यवस्थापन समितिको प्रशासनिक तथा अन्य अभिलेखीकरण सहित समितिको सचिवालयको कार्य गर्ने ।

## परिच्छेद-८

## खानेपानी तथा सरसफाइको गुणस्तर मापदण्ड सम्बन्धी व्यवस्था

**२३. गुणस्तर मापदण्ड तोक्न सक्ने :**

(१) खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी सेवाको सञ्चालन तथा व्यवस्थापनमा अवलम्बन गर्नुपर्ने गुणस्तर मापदण्डहरू नेपाल सरकारले निर्धारण गरे बमोजिम हुनेछन् ।

(२) नेपाल सरकारले निर्धारण गरेको न्यूनतम मापदण्ड अन्तर्गत रही सो मापदण्डमा तोकेको गुणस्तरभन्दा न्यून नहुने गरी नगरपालिकाले आफ्नो क्षेत्रका लागि खानेपानी तथा सरसफाइ र स्वच्छता सम्बन्धमा आवश्यक मापदण्ड तोक्न सक्नेछ ।

**२४. पानीको गुणस्तर जाँच गर्नु पर्ने :**

(१) नगरपालिकाले दफा २३ बमोजिम गुणस्तर कायम भए नभएको जाँच गर्न आफैं प्रयोगशाला स्थापना गरी वा अन्य तरिकाले गुणस्तर परीक्षणको व्यवस्था तथा गुणस्तर सुनिश्चित गर्नु पर्नेछ ।

**२५. नदी तथा ताल तलैयाको पानी गुणस्तर मापदण्ड:** सांस्कृतिक, धार्मिक, पर्यटकीय महत्वका क्षेत्र र बस्तीसँग जोडिएका वा विभिन्न स्थानमा रहेका नदी, ताल तलैया, पोखरी, जलाशय तथा कुण्ड वा कुवा र धाराहरूको वातावरणीय स्वास्थ्य र पानीको गुणस्तरमा मानव सृजित वा मानवीय क्रियाकलापको कारण परिरहेको वा पर्न सक्ने प्रभाव न्यूनीकरण गरी स्वच्छता र सुन्दरता कायम राख्न नेपाल सरकार तथा प्रदेश सरकारले निर्धारण गरेका मापदण्ड समेतलाई आधार मानी नगरपालिकाले आवश्यक मापदण्ड बनाई लागू गर्न सक्नेछ ।

**फोहोर पानी प्रशोधन गर्नुपर्ने:**

(१) मानव मलमूत्र सहित वा रहितको फोहोर पानी वा अन्य कुनै प्रकारको ठोस वस्तु ढल निकास प्रणालीमा विसर्जन गर्दा नेपाल सरकार, प्रदेश सरकार र नगरपालिकाले निर्धारण गरेको मापदण्ड अनुकुल गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको फोहोर पानी वा वस्तु ढल निकास प्रणालीमा मिसाउनु पर्ने भएमा प्रचलित कानुन बमोजिम तोकिएको मापदण्डको सीमा भित्र रही मिसाउनु पर्नेछ।

## परिच्छेद-९
## कसूर तथा दण्ड सजाय

**. कसूर :** कसैले देहायको कुनै काम गरेमा यस ऐन बमोजिम कसूर गरेको मानिनेछः

(क) यस ऐनले अनुमति लिनु पर्ने गरी निर्धारण गरेका कार्य अनुमति नलिई गरेमा,

(ख) खानेपानी सरसफाइ तथा स्वच्छता सेवा सम्बन्धी कुनै संरचनामा क्षति पुऱ्याएमा,

(ग) यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम गर्नु पर्ने काम नगरेमा वा गर्न नहुने काम गरेमा।

**. सजाय :**

(१) दफा २७ बमोजिमको कसूर गर्ने व्यक्तिलाई देहाय बमोजिमको जरिवाना हुनेछ :

(क) खण्ड (क) बमोजिमको कसूर गरेमा रू. पाँच हजार जरिवाना गरी अनुमति लिन आदेश गरिनेछ।

(ख) खण्ड (ख) र (ग) बमोजिमको कसूर गरेमा क्षति बराबरको क्षतिपूर्ति सहित रू. पाँच हजार देखि रू. दश हजार सम्म जरिवाना गरिनेछ।

(२) माथि लेखिए बाहेक अन्य प्रचलित कानुनद्वारा निर्धारित कसूरको हकमा सोही कानुनको अधीनमा रही दण्ड सजाय हुनेछ।

**९. क्षतिपूर्ति भराई दिन सक्ने :** कसैले खानेपानी वा सरसफाइ आयोजना वा सेवा प्रणाली र त्यसको संरचनामा कुनै पनि प्रकारले हानि नोक्सानी वा क्षति पुऱ्याएमा नगरपालिकाले उचित रकम क्षतिपूर्ति बापत भराई दिन सक्नेछ।

**०. अनुसन्धान अधिकारी:** यस ऐन अन्तर्गत कुनै कसूर भएको उजुरी प्राप्त भएमा नगरपालिकाले कुनै अधिकृत स्तरको कर्मचारीलाई अनुसन्धान अधिकारीको रूपमा तोकी अनुसन्धान गराउन सक्नेछ।



**३१. जरिवाना गर्ने अधिकारी :** यस ऐन बमोजिम जरिवाना गर्ने अधिकार प्रमुखलाई हुनेछ।

**३२. पुनरावेदन दिन सकिने:** दफा २८ बमोजिम गरिएको जरिवानाको आदेश उपर चित्त नबुझ्ने व्यक्ति, वा संघ संस्थाले त्यस्तो आदेश भएको मितिले पैतीस दिनभित्र जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ।

## परिच्छेद-११
## विविध

**३३. अनुगमन तथा नियमन :**

(१) नगरपालिकाले खानेपानीको गुणस्तर तथा सरसफाइ र स्वच्छतासम्बन्धी सेवाको स्तरका बारेमा नियमित रूपमा अनुगमन गर्नेछ।

(२) उपदफा (१) बमोजिम अनुगमन गर्दा नगरपालिकाको वातावरण र खानेपानी तथा सरसफाइ विषय हेर्ने पदाधिकारी वा सदस्य तथा अधिकृत वा तोकिएका कर्मचारीले अनुमति प्राप्त संस्थाद्वारा व्यवस्थापन र आपूर्ति गरिएको खानेपानी वा विसर्जन गरेको फोहोर पानीको नमूना संकलन तथा परीक्षण गर्न वा अन्य आवश्यक विवरण लिन वा माग गर्न सक्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम अनुगमनका क्रममा नगरपालिकाले खानेपानी तथा सरसफाइ र स्वच्छतासम्बन्धी सेवाको स्तरमा सुधार गर्न आवश्यक देखेमा वा खानेपानी तथा फोहोर पानीको नमूना परीक्षण गर्दा गुणस्तर तथा मापदण्ड बमोजिम भएको नपाइएमा सम्बन्धित अनुमतिपत्र प्राप्त संस्थालाई गुणस्तर तथा मापदण्ड कायम गर्न निर्देशन दिन सक्नेछ।

(४) उपदफा (३) बमोजिम दिइएको निर्देशन पलना गर्नु सम्बन्धित अनुमतिपत्र प्राप्त संस्थाको कर्तव्य हुनेछ।

**३४. विवरण उपलब्ध गराउने:**

(१) नगरपालिकाले देहायका विवरणहरू प्रदेश तथा सघीय सरकारको खानेपानी हेर्ने मन्त्रालय समक्ष वार्षिक रूपमा र आवश्यकता अनुसार उपलब्ध गराउनेछ :

(क) खानेपानी तथा सरसफाइ सेवा क्षेत्र र सोबाट लाभान्वित जनसंख्या,

(ख) अनुमतिपत्र प्रदान गरिएका संगठित संस्थाको संख्या र सोबाट लाभान्वित जनसंख्या,

(ग) नेपाल सरकार वा प्रदेश सरकारले माग गरेका अन्य विवरणहरू।

(२) उपदफा (१) को प्रयोजनका लागि नगरपालिकामा खानेपानीको स्रोत र परिमाण, गुणस्तर, लाभान्वित क्षेत्र र खानेपानी तथा संरसफाइ प्रणालीका महत्वपूर्ण तथा मुख्य विषयहरू प्रष्ट रूपमा देखिने गरी राखिनेछ।

(३) नगरपालिकाले उपदफा (२) बोजिम राखेको विवरणलाई अनुगमन र विश्लेषणका लागि उपयोग गर्न सकिनेछ।

३५. **पर्यावरणीय अनुकुलन:** जलवायु उत्थानशील दिगो खानेपानी निर्माणका लागि नगरपालिका स्तरबाट पर्यावरणीय अनुकुलन, पुनर्भरण संरचना लगायत जैविक विविधता अनुकुलन, वृक्षरोपण जस्ता क्रियाकलापहरूलाई प्रोत्साहन र संरक्षण गर्नु पर्नेछ।

३६. **आपतकालीन खानेपानी, सरसफाइ तथा स्वच्छता सेवा :** आपतकालीन अवस्थामा नगरपालिकाले खानेपानी, सरसफाइ तथा स्वच्छता सेवाको सुनिश्चितताका लागि प्राथमिकताका साथ कार्य गर्नेछ।

३७. **पुरस्कार सम्बन्धी व्यवस्था:** खानेपानी, सरसफाइ तथा स्वच्छता व्यवस्थापनमा उल्लेखनीय योगदान गर्ने व्यक्ति, संघ संस्था वा समुदायलाई नगरपालिकाले आवश्यक सम्मान तथा पुरस्कारको व्यवस्था गर्न सक्नेछ।

३८. **अधिकार प्रत्यायोजन:** नगरपालिकाको प्रमुखले यस ऐन बमोजिम प्राप्त गरेको अधिकार उपप्रमुख वा कुनै सदस्य वा प्रशासकीय अधिकृत वा सम्बन्धित कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछन्।

३९. **नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्ने:** यस ऐनमा गरिएका व्यवस्थाहरूको प्रभावकारी कार्यान्वयनका लागि नगरपालिकाले आवश्यक नियम, निर्देशिका, कार्यविधि र मार्गदर्शन बनाउन सक्नेछ।

४०. **बचाउ तथा खारेजी :** नगरपालिकाले खानेपानी, सरसफाइ तथा स्वच्छता विषयमा यस अघि ऐन, कार्यविधि वा अन्य आधारमा गरेका कार्यहरू यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

आज्ञाले,
**लक्ष्मी प्रसाद बास्कोटा**
प्रमुख प्रशासकीय अधिकृत